जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ३२ • २०८० मंसिर ९ गते शनिवार • 25 Nov. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## छात्रालाई जबर्जस्ती करणी गरेको आरोपमा विद्यालय सञ्चालक पक्राउ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ८ मंसिर



महोतरीको गौशालामा छात्रालाई जवर्जस्ती करणी गरेको आरोपमा गौशाला एकेडेमी विद्यालयका सञ्चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गौशाला नगरपालिका-५ स्थित गौशाला बजारमा रहेको गौशाला एकेडेमीमा अध्ययनरत ७ वर्षीया बिधार्थीलाई जवर्जस्ती करणी गरेको आरोपमा गौशाला एकेडेमी विद्यालयका सञ्चालक ३३ वर्षीय जुगलकिशोर साहलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए। अभिभावकले इलाका प्रहरी कार्यालय गौशालामा विद्यालय सञ्चालक साहले जवर्जस्ती करणि गरेको जाहेरी दर्ता गराएको प्रहरी निरीक्षक यादवले बताए। जाहेरीको अधारमा विद्यालय सञ्चालकलाई नियन्त्रणमा लिएर

बांकी पृष्ठ २

## इको भिलेजको स्थानीयकरणका लागि प्रदेश स्तरीय परामर्श बैठक सम्पन्न

जलेश्वरटुडे समाचारदाता
धनुषा, ८ मंसिर



दिगो विकास लक्ष्य प्राप्तिका लागि पर्यावरण मैत्रीनमुना गाउँ(इको भिलेज) का लागि काम गरिरहेको ओरेक नेपालले शुक्रबार जनकपुरधाममा प्रदेश स्तरीय पराकर्श बैठक सम्पन्न गरेको छ। ओरेक नेपालका कार्यक्रम निर्देशक सुनिता मैनालीको अध्यक्षतामा भएको सो परामर्श बैठकमा बोल्दै सहभागीहरुले संचालनमा रहेको पर्यावरण मैत्रीनमुना गाउँ कार्यक्रम अन्तरगत भैरहेको कामका सम्बन्धमा जानकारी गराउनु भएको थियो। ओरेक नेपालले कोशी तथा मधेश प्रदेशमा संचालन गरेको पर्याबरण मैत्रीनमुना गाँउ (ईको भिलेज) को अबधारण बिस्तार गर्दै दिगो बिकास लक्ष्य प्राप्तिमा सहयोग गर्ने उदेश्यले सिराहा ,धनुषा , महोतरी, सर्लाही जिल्लाको र कोशी प्रदेशका उदयपुर जिल्लाको बिभिन्न गाँउपालिका तथा नगरपालीकामा रहेका छन् । ती ११ वटापालिका

बांकी पृष्ठ २

## भोलि पनि तीनकुनेमा प्रदर्शन हुन्छ : दुर्गा प्रसाई

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ८ मंसिर



राष्ट्र, राष्ट्रियता,धर्म, संस्कृति र नागरिक बचाउ अभियान नेपालका संयोजक दुर्गा प्रसाईंले भोलि पनि काठमाडौंको तीनकुनेमा प्रदर्शन गर्ने बताएका छन् । शुक्रवार ठिमीस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन गर्दै उनले शनिवार तीनकुनेमा प्रदर्शन हुने र त्यहाँ आफू पनि सहभागी हुने बताए । उनले सरकारले आफ्नो सुरक्षाका नाममा आफूलाई घरभित्र थुनेर बेवकुफ बनाउन खोजेको आरोप लगाए । उनले आफू गोली खान वा जेल जान तयार रहेको बताउँदै आफू आन्दोलन छोडेर नभाग्ने उल्लेख गरे। उनले आफूलाई नजरबन्दमा राखिएको बताउँदै राजनीतिक दलहरू एकातिर आफू र आफ्नो पक्षमा रहेका जनताहरू प्रतिपक्ष रहेको दाबी गरे। प्रसाईंले आफ्ना मान्छेलाई समेत सरकारले पार्टी प्यालेसमा लगेर नजरबन्दमा राखेको र कैयनलाई पक्राउ

बांकी पृष्ठ २

## सुगाभवानीपट्टीमा माँ संतोषी शान्ति कलश यात्रा निकालियो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ८ मंसिर




माँ संतोषी पुजाको अवसरमा जलेश्वर नगरपालिका वडा नं.-४ सुगाभवानीपट्टीमा शान्ति कलश यात्रा निकालिएको छ। सो शान्ति कलश यात्रा माँ संतोषीको मन्दिरबाट शुरु भई गाउँको विभिन्न टोलमा पुगेर परिक्रमा गरेको थियो। सो यात्रामा साँसद रानी शर्मा तिवारी,पूर्व राज्यमन्त्री अभिराम शर्मा,पूर्व मेयर शंकर साही,वडाध्यक्ष हरिश्चन्द्र महतो,समाजसेवी रामआधार कापर ,शम्भु ठाकुर लगायत स्थानिय जनसमुदायको बाक्लो उपस्थिति रहेको थियो। जय माँ संतोषी पुजा समितिको अध्यक्ष रंजित महतो अध्यक्षतामा सो यात्रा निकालिएको थियो।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

# छालालाई स्वस्थ कसरी राख्ने ?

धेरैजसो पुरुषहरु आफ्नो छालाको हेरचाह गर्दैनन् । तयार हुने, चिरिच्याट्ट परेर हिँड्ने, छाला वा कपालको स्याहार गर्ने कुराहरुलाई धेरैले केटी वा महिलासँग मात्रै जोडेर हेर्ने गरेका छन् । तर छालाको स्याहार अर्थात् स्किन केयर स्त्रीसँग मात्रै सम्बन्धित कुरा होइन । हुन त यो कहिले पनि स्त्रीसँग मात्रै सम्बन्धित छँदै थिएन । हामीले नै यसलाई केटीसँग मात्रै जोडेर हेरिरह्यौँ ।

तर छालाको स्याहार महिलाका लागि जति जरुरी र आवश्यक छ, पुरुषका लागि पनि त्यत्तिकै छ । तर यसको अर्थ तपाईंले श्रीमती वा बहिनी वा छोरीको स्किन केयर प्रडक्ट लगाउनुपर्छ भन्ने होइन । पुरुषको छाला महिलाको भन्दा मोटो हुन्छ । बजारमा पुरुषका लागि पनि छाला सुहाउँदो स्किनकेयर प्रडक्ट धेरै छन् । हर्मोनको भिन्नता, जीवनशैली र वातावरणसँगको एक्सपोजरका कारण पनि पुरुषमा छाला सम्बन्धी चिन्ता र चासो महिलाको भन्दा फरक हुन्छ ।

टेस्टोस्टेरोनको उच्च मात्राका कारण पुरुषको छाला महिलाको भन्दा बढी चिल्लो हुन्छ । टेस्टोस्टेरोनले सिबम उत्पादनलाई बढाउँछ । अत्यधिक सिबमका कारण खासगरी किशोरावस्था र युवावस्थाको शुरुआती बेलामा डन्डीफोर आउन थाल्छ । दाह्री काट्दा रेजर बर्न हुन्छ । दाह्री काट्ने मेशिनका कारण छाला रातो हुन्छ, चिलाउन थाल्छ । पुरुषहरुको छाला चिल्लो भएपनि अनुहार र हातका छाला सुख्खा हुन्छन् । कडा खालको साबुन, डिटर्जेन्ट र मौसमका कारण छालामा सुख्खापन बढाउन सक्छ । पुरुषहरुले छालाको हेरचाहमा त्यति समय नदिने भएकोले महिलाका तुलनामा उनीहरुमा छिटै बुढ्यौलीका संकेत देखिन थाल्छ ।

पुरुषहरुमा एष्ट्रोजेन कम हुने, घाममा छाला डढ्ने र धुम्रपानका कारण पनि उनीहरुको छालामा छिटै चाउरी देखिन थाल्छ । नियमित रुपमा छालाको हेरचाह गर्ने हो भने सबै उमेर समूहका पुरुषहरुले आफ्नो छालालाई स्वस्थ र जवान राख्न सक्छन् । क्लिन्जः हरेक दिन दुई पटक जेन्टल क्लिञ्जर प्रयोग गरेर छालामा भएको फोहोर, चिल्लो र पसिना हटाउन मुख सफा गर्नुस् ।

एक्सफोलियशनः हप्तामा एक वा दुई पटक राति सुत्नु अघि स्क्रब प्रयोग गरेर छालामा रहेको मृत कोषहरु हटाउनुस् ।

मोइष्चराइजः छालालाई हाइड्रेटेड राख्न नियमित रुपमा मोइष्चराइजरको प्रयोग गर्नुस् । छाला सुहाउँदो मोइष्चरइजर प्रयोग गर्नुस् ।

सनस्क्रिनः घामको हानिकारक परावैजनी किरणबाट जोगाउन छालामा ३० वा सोभन्दा बढी एसपीएफको सनस्क्रिन लगाउनुस् । तपाईंको छाला संवेदनशील छ वा चाँडै डाबर आउने खालको छ भने छालाको सफाई झनै जरुरी छ ।

*छात्रालाई .........*

जवर्जस्ती करणि मुद्धामा जिल्ला अदालत महोतरीबाट अनुसन्धानक लागि ५ दिनको म्याद लिएको प्रहरी निरीक्षक यादवले भने । पिडित बालिका र आरोपितको स्वस्थ्य परिक्षण गराएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

*इको भिलेज .........*

अन्तर्गत ईको भिलेजका सदस्यहरुले इको भिलेज कार्यक्रम अन्तर्गत विभिन्न चरणहरुमा भएको कामको असरले दिगो विकास लक्ष्यका लागि हुने सहयोगका सम्बन्धमा सहभागीहरुलाई जानकारी गराएको ओरेक महोत्तरी जिल्ला संयोजक बिणा सिंहले जानकारी दिनुभयो । सो कार्यक्रममामधेश प्रदेशमा रहेका कृषि भुमि ब्यबस्था तथा सहकारी मन्त्रालयउप(सचिब,जनकपुरधाम उपमहानगरपालिकाका उप(प्रमुख किशोरी साह तथा ईको भिलेज संचालन भएको पालिकाका वडा अध्यक्षहरु सहित ५२ जनाको उपस्थिति रहेको थियो । प्रदेश स्तरिय परामर्श बैठक कार्यक्रम संचालन गरि बैंठकबाट आएको निष्कर्षहरुको आधारमा कोशी तथा मधेश प्रदेशको बिभिन्न स्थानियतहमा रहेका पर्याबरण मैत्रीनमुना गाँउ(ईको) भिलेजहरुको बिस्तार प्रबर्द्धन तथा अद्यावधिक योजना सहित घोषणको लागि प्रदेश तथा स्थानिय सरकार संग विभिन्न मागहरु राखिएको आयोजकले जनाएको छ ।

*भोलि पनि .........*

गरेको दाबी गरे । पहिलो दिनको गणतन्त्र विरोधी आन्दोलनपछि पत्रकार सम्मेलन गर्दै प्रसाईंले अर्को दिनको आन्दोलनमा श्रीलंका मोडेलमा नेताका घर घरमा जाने बताएपछि शुक्रवार प्रहरीले उनलाई घरबाट निस्कन दिएको थिएन । यता तीनकुनेमा प्रदर्शनका लागि आएका उनका केही समर्थकहरूलाई प्रहरीले पक्राउ गरेको थियो ।




# निर्माणाधिन पुलमुनी युवकको शव फेला



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ८ मंसिर**

रौतहटमा निर्माणाधीन अवस्थामा रहेको पुलमुनी एक युवकको शव फेला परेको छ ।

शुक्रबार करिब पौने १२ बजेको समयमा रौतहटको यमुनामाई गाउँपालिका ४ झाझपुल स्थित बन्दै गरेको नयाँ पुलको पिलरको गोलोरिङ भित्र पानीमा अन्दाजी २०/२२ वर्षीय युवकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।युवकको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर रौतहटमा राखिएको प्रहरीले जनाएको छ । युवकको हालसम्म सनाखत हुन नसकेको तथा यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएका छन् ।

# वडाध्यक्षलाई साढे ४ महिना जेल सजाय

**जलेश्वरटुडे समाचारदाता**
**पोखरा, ८ मंसिर**



जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसूरमा पोखरा वडा २४ का वडाध्यक्ष भरतबहादुर अधिकारीलाई साढे ४ महिना जेल सजाय र ७५ हजार रुपैयाँ जरिवाना फैसला सुनाइएको छ । जिल्ला अदालत कास्कीका न्यायाधीश अवनी मैनाली भट्टराईको इजलासले बिहीबार उनलाई साढे ४ महिना जेल सजाय र ७५ हजार जरिवानासहितको फैसला सुनाएको हो । गत वर्ष माघ ९ मा उनी १ लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा भएका थिए । गत वर्ष पोखरा २४ का वडा सदस्य मैयाँ नेपालीले जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसूरमा आफ्नै वडाध्यक्ष अधिकारीलाई कारबाही माग गर्दै प्रहरीमा जाहेरी दिएकी थिइन् । जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी (कसूर र सजाय) ऐन, २०६८ को दफा ७(१) क अनुसार उक्त कसूरमा ३ महिना कैद तथा ५० हजारसम्म जरिवाना हुने उल्लेख भए पनि सार्वजनिक पद धारण गरेको व्यक्ति (जनप्रतिनिधि) भएकाले उनलाई ५० प्रतिशत बढी कैद तथा जरिवाना हुने व्यवस्था छ । साथै पीडित महिलालाई १० हजार क्षतिपूर्ति भराउनु पर्नेछ ।

## तपाईंको टुडे

मेषः मनमा चिन्ता बढने
वृषः परिवारिक सुख प्राप्ति
मिथूनः प्रसंशा मिल्ने
कर्कटः खर्चमा बृद्धि हुने
सिंहः लाभ प्राप्त हुने
कन्याः शत्रुता बढने
तुलाः आत्मीयता बढने
वृश्चिकः मिष्ठान भोजन मिल्ने
धनुः पढाईमा रुचि बढने
मकरः नयाँ काम पाइने
कूम्भः साथीसँ ग भेटघाट हुने
मीनः भक्तीभाव बढने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

## 'हमास-इजरायल द्वन्द्वका कारण प्यालेस्टिनी बेरोजगारी दर ७० प्रतिशत पुग्यो'

रासस
गाजा, ८ मंसिर



हमास-इजरायलबीचको रक्तपातपूर्ण द्वन्द्वका कारण प्यालेस्टिनीमा बेरोजगारी दर ह्वातै बढेर ७० प्रतिशत पुगेको प्यालेस्टिनी श्रममन्त्रीले बताएका छन् ।मन्त्री नसरी अबु जैशले एक प्रेस विज्ञप्ति जारी गरी भने, "हामीले दसौँ हजार भवन र आवासीय एकाइहरूमा लगातार हिंस्रक बम विष्फोटको परिणाम स्वरूप हजारौँ कार्यबल र रोजगारदाताहरू गुमायौँ।""हाल ३६ लाखभन्दा बढी प्यालेस्टिनी कामदारहरू बेरोजगार भएका छन्, जसमध्ये ठूलो हिस्सा घरबारविहीन छन्,"जैशले भने। उनले भने, "यसबाहेक, इजरयलले गाजाबाट चार हजार कामदारहरूलाई गिरफ्तार गऱ्यो, हजारौँ कामदारहरूलाई बर्खास्त गऱ्यो, धेरैलाई थुनामा र अनुसन्धानको अधीनमा परेपछि अन्य धेरैलाई वेस्ट बैंकमा निष्कासित गरेको थियो ।" अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको एक्कासी आक्रमणको बदलास्वरूप इजरायलले तत्काल गाजामा व्यापक हवाई तथा स्थल आक्रमण सुरु गरेको छ। इजरायलले प्यालेस्टिनी तटीय क्षेत्रमा कडा नाकाबन्दी लगाएको छ भने गाजामा बिजुली, पानी र खाद्यान्नको आपूर्ति बन्द गरेको छ।

## चार महिनामा १ अर्ब ३८ करोडको चिया निर्यात

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ८ मंसिर



नेपालले चार महिनामा १ अर्ब ३८ करोड रुपैयाँ बराबरको चिया निर्यात गरेको छ। भन्सार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा कूल १ अर्ब ३८ करोड ५२ लाख ७९ हजार रुपैयाँ बराबरको ५ हजार ७१८ टन चिया निर्यात भएको हो। छिमेकी मुलुक भारत र चीनसँगै तेस्रो मुलुक अमेरिका, अस्ट्रेलिया, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, नेदरल्याण्ड, रसिया लगायतका देशहरुमा कालो चिया निर्यात भएको भन्सार विभागले जनाएको छ। यसका साथै, यी मुलुकहरुमा ग्रीन टी अर्थात् हरियो चिया र कफीको समेत राम्रो माग रहेको विभागले जनाएको छ । यसअवधिमा १० करोड ६५ लाख १९ हजार रुपैयाँ बराबरको हरियो चिया निर्यात भएकोमा १ करोड ५५ लाख ३६ हजार रुपैयाँ बराबरको कफी निर्यात भएको विभागले जनाएको छ।

## स्क्रिन शेयर गर्दैछन् रणवीर र प्रभास ?

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ८ मंसिर



रणवीर कपुरको फिल्म एनिमल आगामी महिना रिलिज हुँदैछ। यो फिल्मको ट्रेलरले दर्शकहरुको राम्रो रेस्पोन्स पाइरहेको छ। फिल्ममा उनको अभिनयले पनि राम्रो चर्चा बटुलिरहेको छ। यसैबिच रणवीर बारे नयाँ खबर भाइरल भइरहेको छ। उनले दक्षिण भारतीय सुपरस्टार प्रभाससँग स्किन शेयर गर्न सक्छन्। हालै एनिमलको ट्रेलर लन्चमा निर्देशक संदिप रेड्डी वांगालाई सोधिएको प्रश्नको उत्तरले यसको अपेक्षा बढाएको हो। लञ्च कार्यक्रममा वांगाको साथमा रणवीर कपुर, रश्मिका मन्दना र बबी देओल पनि थिए। सोही अवसरमा वांगालाई स्पाईभर्स र कपभर्स बलिउडमा नयाँ चलन बनेको भन्दै आगामी दिनमा रणवीर कपुरको एनिमल र प्रभासको स्पिरिट एकै साथमा आउन सक्छ भनेर सोधिएको थियो। यसको उत्तरमा निर्देशकले अहिले यसबारे केही नसोचेको, तर यस्तो केही भयो भने भन्छु भन्ने उत्तर दिएका थिए। एनिमलका निर्देशक वांगाले नै प्रभासको स्पिरिटको पनि निर्देशन गरिरहेका छन्। यो फिल्ममा प्रभास एक प्रहरी अधिकारीको भूमिकामा देखिनेछन्। वांगाको कुराले अहिले नै रणवीर र प्रभास एउटै पर्दामा ल्याउने तयारी नभएको स्पष्ट छ। तर भविष्यमा दुबैलाई एउटै पर्दामा देखिने सम्भावना भने छ। एनिमल बनाउन तीन वर्षभन्दा बढी समय लागेको वांगाले हालै मात्रै खुलासा गरेका थिए। एनिमलमा रणवीरको भूमिकाको उनले खुलेर तारिफ पनि गरेका थिए। उनले रणवीरलाई कमल हसन र हलिउड स्टार अल पचिनो र रोबर्ट डी नीरोसँग गरेका थिए।

## नेपाल सुपर लिग उद्घाटन समारोह

जलेश्वरटुडे समाचारदाता
वीरगंज, ८ मंसिर




फ्रेन्चाइज फुटबल प्रतियोगिता 'नेपाल सुपर लिग' (एनएसएल) को दोस्रो संस्करण सुरु भएको छ।
शुक्रबार साँझ काठमाडौँको त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा दोस्रो संस्करणको उद्घाटन भएको हो ।
उद्घाटन खेल साबिक विजेता काठमाडौँ रेजर्स र नवप्रवेशी स्पोर्टिङ इलामबिच खेलाइनेछ । क्लब स्तरीय यो फुटबल प्रतियोगिता पुस १४ गतेसम्म सञ्चालन हुनेछ।





कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# ‘कमजोरी नसुधार्ने हो भने सङ्घीयता धराशायी बन्छ’

**–पंखबहादुर शाही**

सङ्घीयता कार्यान्वयनमा आएको ६ वर्ष बित्दा पनि प्रदेश सरकारले आफ्नो औचित्य स्थापित गर्न नसकेको टिप्पणी भइरहेका छन् । प्रदेश सरकारको व्यवस्थाले बेकारमा आर्थिक भार मात्रै थपिएको भन्दै खारेज गरिनुपर्ने आवाज उठ्नसमेत थालेका छन् । अरूभन्दा पनि स्वयं प्रदेशकै नेतृत्वमा रहेका व्यक्तिबाट पनि यही अवस्थामा सङ्घीयता रहने हो भने सङ्घीयताको भविष्य नरहेने बताइरहेका छन् ।

मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन एवं राजनीतिक विश्लेषक पीताम्बर ढकाल भने सङ्घीयतामाथि प्रश्न उठ्नुका पछाडि नेतृत्वमा रहेकै व्यक्तिहरूको प्रवृत्तिलाई लिन्छन् । सङ्घीयता कर्णाली जस्तो प्रदेशका लागि अपरिहार्य भए पनि नेतृत्वमा रहेका दलहरूको कारण औचित्य स्थापित गर्न नसकेको उनको भनाइ छ। ‘समृद्ध कर्णाली, सुखारी कर्णालीवासी’ नारा तय गरेर सङ्घीयता कार्यान्वयनको जगको सुरुवात गरेको थियो कर्णालीले ।उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकहरूको प्रदेश बनाउने सङ्कल्पका साथ उक्त नारा तय गरिएको थियो। यद्यपि दोस्रो कार्यकालको समेत एक वर्ष बितिसक्दा प्रदेश सरकारले आफ्नो लय समात्न नसकेको ढकाल बताउँछन् ।

नागरिक समाजका अगुवासमेत रहेका र सङ्घीयताबारे जानकार ढकालसँग सङ्घीयता कार्यान्वयन, कर्णाली सरकारले गरिरहेका गतिविधिलगायतका विषयमा गरेको कुराकानी यहाँ प्रस्तुत गरिएको छ। सङ्घीयता कार्यान्वयनमा आएको पनि छ वर्ष बित्यो नै। नागरिकले दोस्रो पटक चुनावमा मतदान गरेको पनि दुई वर्ष बित्यो । तर प्रदेशहरूको भविष्य छैन भन्ने खालका आवाज उठिरहेका छन्, के प्रदेश संरचनाले आफ्नो औचित्य स्थापित गर्न नसकेको हो ?

नेपालका निमित्त यो नयाँ पद्धति हो। यसको प्रयोगमा विषयमा ५, ६ वर्षमै मूल्याङ्कन गर्नेबेला आयो भन्ने मलाई लाग्दैन । सबै कानुन बनिसकेको अवस्था छैन। प्रदेशको त त्यस्तै हो सङ्घीय सरकारबाट बन्नुपर्ने कानुनहरू नै बनिसकेको अवस्था छैन। कानुन नहुँदा केही काम गर्न सक्ने अवस्था र हुँदैन। पद्धतिबाट जनताले लाभ प्राप्त गर्न नसक्दा नै प्रश्न उठ्ने हुन्छ। अहिले भएको त्यही हो। कानुन निर्माण भइसकेपछि मात्रै पद्धतिको मूल्याङ्कन गर्नुपर्छ।

त्यसो हो भने प्रदेश सरकारप्रति वितृष्णा किन हो त ? सङ्घीयता नै खारेज गरिनुपर्छ भन्छन् नि ?

अहिलेको सङ्घीयता कार्यान्वयनको अवस्था हेर्ने हो भने म पनि सन्तुष्ट छैन। मानिसको जीवनपद्धतिमा परिवर्तन आउने खालको वातावरण नै बनेको छैन। पहिलो कुरा सङ्घीय सरकारले प्रदेशहरूलाई दिनुपर्ने पावर हो। त्यो पूर्ण रूपमा दिइएको अवस्था पनि छैन। त्यसो हुँदा सङ्घले नै कानुन निर्माण नगर्दा प्रदेशले मात्रै निर्माण गरे पनि पछि खारेजी हुनुपर्ने अवस्था आउँछ । बाँभिने खालका कानुन बनाएर पनि अर्थ छैन । कानुनी रूपमा हेर्दा पनि यो सङ्घीयता आफैँमा कमजोर छ। कार्यशैलीका कुरामा अझ जनतामा वितृष्णा जागेको हो कि जस्तो छ। प्रदेशको नेतृत्वमा देखिने कार्यशैली, बजेट कार्यान्वयनको गतिलाई हेर्ने हो भने प्रलेश सरकारले आफ्नो औचित्य पनि स्थापित गर्न नसकेको कुरा प्रस्ट छ नै।

कर्णाली प्रदेशको कुरा गर्दा सङ्घीय सरकारकै भरमा प्रदेश चलाउनुपर्ने तर त्यही अनुदानमा प्राप्त बजेट कार्यान्वयन गर्न सकिरहेको अवस्था छैन। अनुदानको बजेटमा उन्नति गर्न नसक्दा जनताले त्यहाँबाट पाउनुपर्ने लाभ प्राप्त गर्न सकेनन् । यो मात्र होइन, समानुपातिक प्रतिनिधिको कुरादेखि बजेट खर्च पर्ने प्रवृत्ति, नेतृत्व गर्न सक्ने क्षमताका कुराको अभाव लगायतका कारण यो संरचना कमजोर बनेको आकलन मेरो छ। यी सबै कुराका कारण प्रदेश संरचनाप्रति नागरिकको वितृष्णा उब्जिएको हो । तर व्यवस्थालाई नराम्रो भन्न मिल्दैन।

कर्णालीकै कुरा गरौँ, यो आफैँमा विद्रोहबाट जन्मिएको प्रदेश हो। अन्य प्रदेशभन्दा कर्णालीलाई -सङ्घीयता आवश्यकता हो, किनकि विगतदेखि नै कर्णालीलाई पिछडिएको प्रदेशको उपमा दिइन्छ। अहिले छुट्टै प्रदेश र आफैँले नेतृत्व गर्न पाउँदा पनि कर्णालीले आफ्नो भविष्य कोर्न सकिएको अवस्था छैन भन्छन् नि ?

यो कुरा सही हो । कर्णाली अरू प्रदेशभन्दा भिन्न तरिकाले अघि बढ्नुपर्थ्यो। किनकि अरू प्रदेश हिँडे पुग्छ, कर्णाली दौडिनुपर्छ भनेर सुरुमा यहाँकै नेताहरू भन्थे। तर व्यवहारमा त्यस्तो देखिएन । अर्को कुरा, नेतृत्वमा असक्षमता देखियो । उनीहरूले आफ्नो ‘राइट’ के हो भन्नेतर्फ पनि ध्यान दिएनन्। केन्द्रले लादेर नै तिमीहरूले यसरी जानु पर्छ भनेर भनिरहनुपर्ने भए त सङ्घीयताको के अर्थ भयो ? प्रदेश सरकारले पनि यो मेरो ‘राइट’ यो हो भन्ने कुरा नै बुझेको जस्तो देखिन्न। आफ्नो राइटको खोजी आफैँले गर्ने हो र अहिलेकै अवस्थामा अघि बढ्ने हो भने त सङ्घीयतामाथि अझ प्रश्न उठ्ने देखिन्छ।

प्रदेशका कतिपय मन्त्री, सांसदहरूलाई सङ्घीयताको अर्थ नै थाह नभएको देखिन्छ। यो कुनै शक्ति विकेन्द्रीकरण होइन। सङ्घीयता भनेको त शक्तिको हस्तान्तरण हो। केन्द्रमा अन्तर्निहित रहेका जति पनि शक्ति छन्, प्रदेशले गर्नुपर्ने कुरा हस्तान्तरण त भएकै छन् नि ! यद्यपि प्रदेश सरकार अलमलियो। प्रदेशका नेताहरूले हामीले सङ्घीयताको अनुकूल आचरण गर्नुपर्छ भन्ने कुरा नबुझेका हुन् कि के हो अवस्था हेर्ने हो भने सबै गन्जागोल देखिन्छ। अहिले ‘यता जाऊँ कि उता जाऊँ’ भन्ने अवस्थामा प्रदेश सरकार देखिन्छ। यो असमान आचरणले सङ्घीयतालाई फाइदा दिँदैन।संविधानमा उल्लेखित कुरालाई नै हेरेर काम गर्ने हो भने पनि सङ्घीयताको सही कार्यान्वयन हुन सक्थ्यो। तर यही अवस्थाले सङ्घीयता असजिलो अवस्थामा पुगिसकेको जस्तो लाग्छ। प्रदेश सरकारले केन्द्रले जे आदेश दिन्छ त्यसैको मुख ताक्ने हो भने के हो सङ्घीयता ?

विकास र परिवर्तनका हिसाबले सङ्घीयतापछि कर्णाली प्रदेशको भूमिकालाई चाहिँ कसरी चित्रण गर्नुभएको छ ?

हेर्नुस्, जनताले चाहने भनेको अवस्था परिवर्तन हो। सङ्घीयता पनि अपेक्षा गरेको पनि यही हो। व्यवस्थालाई राम्रो बनाउने, नबनाउने भन्ने कुरा जनताको अवस्थाले व्याख्या गर्छ। जनताले जति अपेक्षा गरेका थिए, प्रदेश सरकाले त्यो खालको डेलिभरी दिन सकेको देखिन्न । यसो हेर्दा पहुँचयोग्य ठाउँमा मात्रै प्रदेशको विकास पुगेको छ। त्यसबाहेक अन्यत्र जनताको अवस्थामा खासै रूपान्तरण भएको मैले देख्दिनँ । परिवर्तन नभएका कारण नै जनताले यो पद्धति ठीक होइन कि भन्ने आशङ्का गर्ने हुन् कर्णालीलाई उदाहरण बनाउने हो भने सबै हिसाबले कर्णाली पछि छ। यहाँ यातायातको कुरालाई फोकस गर्नु पर्छ । जस्तै कर्णाली करिडोर, भेरी करिडोर जस्ता रणनीतिक सडक पूर्वाधारमा खासै ध्यान केन्द्रित भएन । जलस्रोतको हिसाबले हेर्दा यो सम्भावना नै सम्भावनाको खानी हो। नदीहरू खेर गइरहेका छन्, बहुमूल्य जडीबुटीको उपभोग हुन सकिरहेको छैन। दिगो विकासका लागि प्रदेशसँग कुनै दीर्घकालीन योजना नै छैन। सामान्य रूपमा ठेक्का लिने व्यक्तिहरूले सरकारलाई घुमाइरहेको हुन्छन् । तर प्रदेश सरकार उनीहरूलाई कारबाही गर्न सक्दैन। यसो हेर्ने हो भने व्यवस्थाभन्दा पनि व्यवस्थाका चालकहरूमा ठुलो कमजोरी हो।

सोच, पद्धतिमा के गर्ने भन्ने विषयमा कुनै छलफल गृहकार्य हुँदैन। कर्णाली सरकारले कर्णालीको विकास र रूपान्तरणका लागि नागरिक समाज, बौद्धिक वर्गहरूबिच खासै छलफल गरेको मलाई थाह छैन। सबै हिसाबले हेर्दा जनताले सोचेर मात्र नभई सरकार पनि आफैँमा कमजोर बनिरहेको छ।

उसोभने कर्णाली सरकार उल्टो बाटो हिँडिरहेको छ ?

विकास भन्ने कुरा सुगमबाट जटिलतातर्फ जानुपर्ने हो। तर पहिले नै जटिल ठाउँमा गर्छु भन्न थाल्यो भने प्रगति हासिल गर्न सकिँदैन। सबैभन्दा पहिला सुर्खेतबाट माथिल्लोतर्फका जिल्लाहरूलाई बनाउँदै जानुपर्छ। पक्की बाटोहरू बनाउनुपर्‍यो। जुम्लामा एकै पटक सिमेन्ट पिठ्युँ, घोडामा बोकेर लगि विकास गर्छुभन्यो भने त्यसले प्रतिफल राम्रो दिन सक्दैन।

प्रदेशले एउटा सिस्टमले विकासका काम गरिरहेको देखिन्न। भागवण्डाका हिसाबले बाँड्चुँड गरेर विकास हुन सक्दैन। पहिलो कुरा कर्णाली प्रदेशको संरचना नै भएन। कम्तीमा भारतसँग सीमा जोडिनुपर्थ्यो।

अर्को रकम कार्यान्वयनमा पनि सरकार असक्षम भयो । नेतृत्वमा रहेकाहरू पनि कुन ठाउँबाट के लाभ प्राप्त गर्न सकिन्छ भन्ने ध्याउन्नमा मात्रै देखिन्छन्। पद्धतिका कुरामा सरकार आफैँले पनि बुझेको छैन जस्तो छ। कर्णालीको विकास मोडेल पनि अन्य प्रदेशको भन्दा फरक हुनुपर्थ्यो बाटोघाटो, उद्योगहरूको विकासमा सरकार अलि अग्रसर हुनुपर्‍यो।


प्रदेशको नेतृत्व गर्नेहरू प्रदेशलाई अधिकार नै दिइएन भन्छन्, के उनीहरूले भने जस्तै सङ्घीय सरकारलाई अधिकार नदिएकै हो त ?

यहाँ अधिकारको कुरा मात्र होइन, सीमा समस्या, वनजङ्गलसँग जोडिएका कुरा छन् तर काम गर्न सक्ने वातावरण बन्न नसकेको कुरा चाहिँ साँचो हो। सङ्घीय सरकारले पनि प्रदेशलाई दिनुपर्ने अधिकारमा सकारात्मक हुनुपर्छ र प्रदेशले पनि आफ्नो काम के हो ? त्यो कुराको हेक्का राखेर अघि बढ्नु पर्छ।सङ्घीयता कमजोर हुनुका पछाडि नेतृत्वको पनि असक्षमता भन्नुभयो, खास कर्णालीलाई समृद्धिको मार्गमा अघि बढाउन सक्ने नेतृत्वमा कस्तो हुनुपर्ने हो ?

हैन, कम्तीमा निर्णय लिन सक्ने, वादप्रतिवाद, छलफल, विचार, विमर्शका कुरामा निरन्तरता भइरह्यो भने नेतृत्वमा आफैँमा बलियो हुन्छ नै। अहिले सरकारले के गरिरहेको छ भन्ने कुरा कसैलाई पनि थाह हुँदैन। वीरेन्द्रनगरभित्रै रहेका नागरिक अगुवा, पत्रकार, कानुन व्यवसायीहरूलाई नै थाह हुँदैन कि सरकारले के गरिरहेको छ । आफू बलियो हुनका निमित्त नेतृत्वमा वर्गले आफैँ निर्णय लिन सक्नुपर्‍यो। होइन भने सरकार एक्लो बन्छ र जतिसुकै राम्रो गर्छु भने पनि त्यो अधुरो हुन्छ। लोकतन्त्रको सबल पक्ष पनि यो हो।

६ वर्षको अवधिमा तीन वटा मुख्यमन्त्री भए, अर्को प्रदेशलाई त मन्त्री उत्पादनको कारखाना पनि भन्न थालियो । कर्णाली प्रदेशभित्रको राजनीतिक रङ्गमञ्चलाई चाहिँ कसरी हेरिरहनुभएको छ ?कर्णालीबाट असाध्यै नराम्रो राजनीतिक प्रवृत्तिको सुरुवात भएको छ। लोकतन्त्रमा त बहुमतको शासन पद्धति हुनुपर्ने हो नि तर कर्णालीमा त्यसो भइरहेको छैन । व्यक्तिगत स्वार्थमा लागी सत्ताबाट हात धुने, आफू पनि परिवर्तन हुने र , जसरी लाभ प्राप्त हुन्छ त्यसरी गर्ने भन्ने अभ्यासहरू देखिए। बहुमतको शासन हुनु पर्छ। कर्णालीमा सुरुका दिनदेखि अहिलेसम्म हेर्दा सन्तुष्टि लिने वातावरण मिलेको देखिएन । ठुलो पार्टीले साना पार्टीलाई समेटेर लिनुपर्नेमा यहाँ साना पार्टीले नेतृत्व लिने र ठुला पार्टी पछाडि बसेर काम गर्नुपर्ने स्थिति छ। यसले पद्धतिमा न राम्रो सोचको विकास गर्छ न परिवर्तन नै ।अर्को सङ्घीयता निकै खर्चालु पनि भएको छ । कुनै पनि स्रोत नभईकन विदेशी सहयोगको आधारमा मात्रै खर्च गर्ने परिपाटीले मुलुकलाई कङ्गाल बनाइरहेको छ ।प्रदेशमा समानुपातिक सदस्यहरू आवश्यक पनि छैन । आआफ्ना मान्छेहरू मनोनीत गर्नमा मात्रै समानुपातिक प्रणालीको विकास गरिएको हो कि भन्ने अनुमान गरिन्छ। त्यसैले अहिले जति कमीकमजोरी छन् यी कुरालाई प्रदेश सरकारले करेक्सन गर्न सकेन भने सङ्घीयता धराशायी हुन्छ।

साभार : रातोपाटी





जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday